# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, कार्तिक १ गते २०२३ साल [ संख्या २५

श्री ५ को सरकार

वन—मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको शिकार नियमहरू, २०२३ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः—

### शिकार नियमहरू, २०२३

जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः—

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यी नियमहरूको नाम "शिकार नियमहरू, २०२३" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. परिभाषाः— विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमाः—

(क) "ऐन" भन्नाले जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५ सम्झनु पर्छ,

(ख) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ,

(ग) "स्थानीय हाकिम" भन्नाले सहायक अञ्चलाधीश सम्झनु पर्छ,

(घ) "सिजन" भन्नाले शिकार वन्द ऋतु बाहेक अरू सबै ऋतुलाई सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. लाइसेन्स प्राप्त गर्न दरखास्त दिनुपर्नेः– (१) शिकार लाइसेन्स लिन चाहने व्यक्तिले नियम ६ मा उल्लेख गरिएका लाइसेन्सहरू मध्ये कुन किसिमको लाइसेन्स लिन चाहेको हो सो र शिकार खेल्न चाहेको जङ्गली जीवजन्तुको किसिम, संख्या र जङ्गलको ब्लक वा ब्लकहरूको नम्वरसमेत खोली डिभिजन अफिस भएको ठाउँमा डिभिजन अफिसर छेउ र सो नभएको ठाउँमा स्थानीय हाकिम छेउ अनुसूची १ मा दिएको ढांचामा रू. १। को नोट वा टिकट टाँसी दरखास्त दिनु पर्छ ।

(२) उप–नियम (१) अन्तर्गत दरखास्त दिंदा त्यस्तो दरखास्तसाथ नियम ६ मा उल्लेख गरेबमोजिमको लाइसेन्स दस्तूर बुझाउनु पर्छ र दस्तूर बुझिलिने अधिकारीले पनि सो बुझिलिएको भरपाई गरिदिनु पर्छ ।

४. लाइसेन्स दिन मञ्जूर गरिएको वा नगरिएको सूचना यथाशीघ्र दिनुपर्नेः– नियम ३ अन्तर्गत दरखास्त परेपछि प्रत्येक डिभिजन अफिसर वा स्थानीय हाकिमले दरखास्तवाला-लाई शिकार लाइसेन्स दिन मञ्जूर गरिएको वा नगरिएको सूचना यथाशीघ्र चाँडो दिनु पर्छ र शिकार लाइसेन्स दिन मञ्जूर गरिएमा अनुसूची २ बमोजिमको शिकार लाइसेन्स दिनु पर्छ ।

५. लाइसेन्स दिनुभन्दा अगावै शुल्क लिनेः– (१) शिकार लाइसेन्स दिनुभन्दा अगावै डिभिजन अफिसर वा स्थानीय हाकिमले सम्बन्धित दरखास्तवालासंग अनुसूची ३ मा उल्लेख गरेबमोजिमको जङ्गली जीवजन्तुको सम्बन्धमा सोही अनुसूचीमा उल्लेख गरेबमोजिमको शुल्क लिनु पर्छ र त्यस्तो लाइसेन्स दिंदा निजले मार्न सक्ने जङ्गली जीव-जन्तुको किसिम, संख्या र शिकार खेल्ने जङ्गलको ब्लक वा ब्लकहरूको नम्वर प्रत्येक ब्लकमा शिकार खेल्न सकिने अवधि र त्यस्तो शिकार लाइसेन्स बहाल रहने म्यादसमेत तोकिदिनु पर्छ । सो बाहेक ऐन र यस नियमसंग नबाझिने गरी डिभिजन अफिसर वा स्थानीय हाकिमले त्यस्तो शिकार लाइसेन्समा आवश्यक अरू शर्त बन्देजहरू पनि तोकिदिन सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम लाइन्स दिंदा लाइसेन्स (क), (ख) वा (ग) लाइसेन्सवालाहरूको निमित्त तोकिएको ब्लक रिजर्भ भएको मानिने छ । लाइसेन्स (घ) को निमित्त ब्लक रिजर्भ गरिने छैन र खालि रहेका ब्लकमा मात्र शिकार गर्न दिइने छ ।

(३) शिकार लाइसेन्स नदिइने भएमा वा दरखास्तवालाले लाइसेन्स नलिने भनी लाइसेन्स लिनुपर्ने म्यादभित्र निवेदन दिएमा नियम ३ को उप–नियम (२) बमोजिम बुझा-एको दस्तूर लाइसेन्स दिने अधिकारीले फिर्ता दिनु पर्छ र त्यसरी बुझिलिएको भरपाई पनि गराई लिनु पर्छ ।

६. शिकार लाइसेन्सको किसिम र त्यस अन्तर्गत मार्न सकिने जङ्गली जीवजन्तुहरूः–

(१) लाइसेन्स (क), (ख), (ग) र, (घ) गरी जम्मा चार प्रकारका हुने छन् । लाइसेन्स

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क), (ख), (ग) र (घ) अन्तर्गत मार्न सकिने जङ्गली जीवजन्तुहरूको किसिम अनुसूची ४ मा उल्लेख गरेबमोजिमको हुने छ, त्यस्तो लाइसेन्सको दस्तूर देहायबमोजिम लाग्ने छ र दामासाहीको दरले लिइने छन:–

| लाइसेन्स | भर सिजनको रू. | महीना एकको रू. | दिन १५ को रू. |
|---|---|---|---|
| क. | १००। | | |
| ख. | १००। | ६०। | ४०। |
| ग. | ६०। | ४०। | २०। |
| घ. | ४०। | | |

तर लाइसेन्स (क) लिनेले (ख) र (ग) अन्तर्गतका लाइसेन्स (ख) लिनेले (ग) अन्तर्गतका जनावरहरू र (क), (ख) र (ग) कुनै लाइसेन्सवालाले लाइसेन्स (घ) अन्तर्गतका चराहरू लाइसेन्स दस्तूर नतिरी मार्न पाउने छैन।

(२) लाइसेन्स (क) साधारणतः वैज्ञानिक उपयोगिताको निमित्त मात्र प्राप्त गर्न सकिने छ र यसमा वन्द ऋतुको बन्देज रहने छैन।

७. लाइसेन्सवालाले पालन गर्नुपर्ने शर्तहरूः– लाइसेन्समा तोकिदिएको शर्त र बन्देजहरू बाहेक लाइसेन्सवालाले देहायमा उल्लेख गरिएका शर्तहरूको पालन गर्नु पर्छः–

(क) इजाजत पाएको ब्लकमा डिभिजन अफिसर वा स्थानीय हाकिमले तोकेको अवधिभर (एक ब्लकमा एक महीनामा नबढाई) मात्र शिकार गर्ने,

(ख) मारिएको, पक्राउ गरेको वा घाइते भएको जङ्गली जीवजन्तुको किसिम, संख्या लाइसेन्समा राखिएको कालममा चढाउने,

(ग) शिकार क्षेत्रभित्र क्याम्प बनाउनुपर्ने भएमा डिभिजन अफिसर अथवा स्थानीय हाकिमले तोकिदिएको ठाउँमा क्याम्प बनाउने,

(घ) मारिएको जङ्गली जीवजन्तु कुनै अधिकारीले हेर्न चाहेमा सो देखाउने,

(ङ) लाइसेन्सवालाले आफ्नो लाइसेन्स अरू कसैलाई हस्तान्तर नगर्ने, तर दुई वा सोभन्दा बढी लाइसेन्सवालाहरू खुशी राजीसाथ चाहेमा एकै साथ रही एकै ब्लकमा शिकार गर्न पाउंछन्,

(च) शिकार गर्न तोकिदिएको बन्दूक, गोली वा छर्राको मात्र प्रयोग गर्ने,

(छ) तोकिएको संख्यादेखि बढी संख्यामा जङ्गली जीवजन्तु मार्न वा पक्राउ गर्न नपाउने,

(ज) तोकिएको जङ्गली जीवजन्तु वा किसिमदेखि अन्य कुनै वा अरू किसिमको जङ्गली जीवजन्तु मार्न वा पक्रन नपाउने।

८. शिकार गर्न मनाहीः– कुनै पनि लाइसेन्सवालाले देहायको तरीकाबाट जङ्गली जीवजन्तुको शिकार गर्न हुंदैनः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) पानीखाने घाट वा नून वा माटो चाट्ने वा आहाल बस्ने ठाउंमा ढुकेर,

(ख) रातो मृगभन्दा ठूलो जनावरलाई छर्राले हानेर,

(ग) कुनै किसिमको दर्जन, दामल, जाल, धराप, वा पासो थापेर पात वा कुनै किसिमको बाजा बजाएर,

(घ) मान्छे खाने ठहरिएको बाघ, चितुवा बाहेक अरूलाई सिनोमा विष खुवाएर,

(ङ) गुँड वा मांदमा ढुकी बसेर,

(च) जीप, मोटर, ट्रक, गाडा वा अरू कुनै किसिमको पांग्रावाला सवारीको वा शिकारी कुकुर वा पालुवा पंक्षीको मद्दत लिएर,

(छ) बाघ, भालू, चितुवा बाहेक अरू जनावरहरू रातमा (सूर्यास्तदेखि सूर्योदय-भित्रमा) शिकार गर्ने,

(ज) डमरू तथा बच्चा साथमा भएका बाघ, भालू, चितुवा तथा अन्य जङ्गली जीवजन्तुहरूको शिकार गर्न ।

९. शिकार वन्द ऋतुः– देहायको ऋतुमा देहायको ठाउंमा शिकार गर्न मनाही गरिएको छ र त्यस्तो ऋतुमा शिकार गर्नको लागि लाइसेन्स दिइने छैन :–

(क) महाभारतदेखि उत्तर हिमालतर्फका जङ्गलमा रहेका जङ्गली जीव-जन्तुको हक्मा जेष्ठ १ गतेदेखि सोही सालको आश्विन मसान्तसम्म, र

(ख) महाभारत र महाभारत दक्षिणतर्फका जङ्गलमा रहेका जङ्गली जीव-जन्तुहरूको हक्मा वैशाख १५ देखि सोही सालको आश्विन मसान्तसम्म ।

१०. सजायः– (१) देहायको कसूर गर्ने लाइसेन्सवालालाई डिभिजन अफिस भएको ठाउंमा डिभिजन अफिसरले र सो नभएको ठाउंमा स्थानीय हाकिमले रू. २००।– दुई सयसम्म जरिवाना गर्न सक्ने छः–

(क) नियम (७) को खण्ड (क) को बर्खिलाप इजाजत पाएको ब्लक वा ब्लकहरूदेखि अन्यत्र शिकार खेलेमा, वा

(ख) नियम (७) को खण्ड (ङ) को बर्खिलाप लाइसेन्सवालाले आफ्नो लाइसेन्स अरू कसैलाई हस्तान्तरित गरेमा, वा

(ग) नियम ७ को खण्ड (छ) र (ज) को बर्खिलाप तोकिएको जङ्गली जीवजन्तुको किसिम वा संख्याभन्दा अन्य कुनै जङ्गली जीवजन्तु मारे वा पक्रेमा रू. २००।– सम्म जरिवानाको अतिरिक्त सो जनावरको शुल्क लिने र मारिएको वा पक्रिएको जनावरसमेत जफत गरिने छ ।

(२) देहायको कसूर गर्ने लाइसेन्सवालालाई डिभिजन अफिस भएको ठाउंमा डिभिजन अफिसरले र सो नभएको ठाउँमा स्थानीय हाकिमले रू. १५०।– एकसय पचास सम्म जरिवाना गर्न सक्ने छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
286

(क) नियम ८ को बर्खिलाप कुनै जङ्गली जीवजन्तुको शिकार गरेमा, वा

(ख) नियम ७ को खण्ड (घ) को विरुद्ध मारेको जङ्गली जीवजन्तु अधिकार प्राप्त अधिकारीलाई देखाउन इन्कार गरेमा, वा

(ग) नियम ७ को खण्ड (च) को विरुद्ध तोकिदिएको बन्दूक गोली वा छर्रा बाहेक अरू कुनै बन्दूक गोली वा छर्राको प्रयोग गरेमा ।

(३) देहायको कसूर गर्ने लाइसेन्सवालालाई डिभिजन अफिस भएको ठाउंमा डिभिजनल अफिसरले र सो नभएको ठाउंमा स्थानीय हाकिमले रू. १००।– एक सयसम्म जरिवाना गर्ने छ:–

(क) नियम ७ को खण्ड (ग) को विरुद्ध तोकिदिएको ठाउंदेखि अन्यत्र क्याम्प बनाएमा, वा

(ख) नियम ७ को खण्ड (ख) को विरुद्ध मारिएको, पक्राउ गरेको वा घाइते भएको जङ्गली जीवजन्तुको संख्या र किसिम लाइसेन्सकालममा नचढाएकोमा, वा

(ग) यी नियमहरूमा उल्लेख नभएको तर लाइसेन्समा तोकिएको अरू कुनै शर्त उल्लंघन गरेमा ।

११. शुल्क फिर्ता पाउने:– कुनै लाइसेन्सवालाले लाइसेन्समा तोकिएको कुनै जङ्गली जीवजन्तु सिजनभरमा मार्न वा पक्रन नसकेमा त्यस्तो जङ्गली जीवजन्तुको सम्बन्धमा बुझाएको शुल्क मध्ये ७५। पचहत्तर प्रतिशत फिर्ता पाउने छ ।

तर घाइते भएको जङ्गली जीवजन्तुको हकमा शुल्क फिर्ता पाउने छैन ।

१२. ग्याजेटेड् फरेष्ट अफिसरले लाइसेन्स लिनुपर्ने:– बहुलाएका वा मानिस तथा पाल्तु वस्तु मार्न पल्केका जङ्गली जीवजन्तुहरू शिकार गर्न पाउने गरी वन सेवामा रहेका ग्याजेटेड् फरेष्ट अफिसरले स्थानीय हाकिम वा चीफ कन्जरभेटरबाट आवश्यक लाइसेन्स लिइराख्नुपर्छ तर, यस्तो लाइसेन्स लिन लाइसेन्स दस्तूर तथा शुल्क बुझाउनुपर्ने छैन ।

१३. डिभिजनल अफिसर वा स्थानीय हाकिमले रिपोर्ट गर्नुपर्ने र निर्देशनको पालना गर्नुपर्ने:– (१) डिभिजन अफिस भएको ठाउंमा डिभिजनल अफिसरले र सो नभएको ठाउंमा स्थानीय हाकिमले आफ्नो इलाकाभित्रको जङ्गलमा रहेका ब्लकहरूमा प्रत्येक साल लाइसेन्सबमोजिम मारिएको वा पक्रिएको जङ्गली जन्तुको संख्या र किसिमको फांटवारी र सालभरमा दिइएको लाइसेन्सको संख्यासमेत खोली प्रत्येक साल जेष्ठ महीनासम्म चीफ कन्जरभेटर छेउ पठाउनु पर्छ ।

(२) उप–नियम (१) अन्तर्गत रिपोर्ट गर्दा आउने शिकार ऋतुमा के कति जङ्गली जीवजन्तुको शिकार खेल्न दिन उचित छ त्यसको संख्या र किसिम पनि यथासम्भव खोली पठाउनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६७

(३) ऐन र यस नियममा कुनै प्रतिकूल प्रभाव नपारी चीफ कन्जरभेटरले शिकार र शिकार लाइसेन्स दिने सम्बन्धमा डिभिजनल अफिसर वा स्थानीय हाकिमलाई आवश्यक निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशनको पालन गर्नु निजहरूको कर्तव्य हुनेछ ।

१४. शिकार क्षेत्र कायम गर्नेः– डिभिजन अफिस भएको ठाउंमा डिभिजनल अफिसरले र सो नभएको ठाउंमा स्थानीय हाकिमले आफ्नो इलाका अन्तर्गत जङ्गलहरूको ब्लकहरू छुट्याई त्यस्तो ब्लकको नम्बर र चार किल्लासमेत खुलाउन पर्दछ ।

१५. शिकार खेल्न मनाही गरिएका क्षेत्रहरूः– समय समयमा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाश गरी वन खण्ड, सराय, मृगकुञ्ज, राष्ट्रिय पार्क वा रिजर्भ ग्राउण्ड भनी वा अन्य कुनै नाम राखी घोषित गर्न सक्नेछ र त्यस्तो घोषित गरिएको क्षेत्रमा शिकार खेल्न मनाही गरिएको छ ।

१६. श्री ५ को सरकारले छुट् दिन सक्नेः– (१) यी नियमहरूमा जे सुकै लेखिएको भए तापनि श्री ५ को सरकारले कुनै खास व्यक्तिहरूका सम्बन्धमा यस नियमबमोजिम कुनै किसिमको दस्तूर वा शुल्क नलिई वा शिकार बन्द ऋतुमा पनि शिकार खेल्न अनुमति दिन सक्ने छ ।

(२) श्री ५ को सरकार वन विभागलाई विभागीय उपयोगिता र वैज्ञानिक अध्ययनार्थ कुनै प्रकारको जङ्गली जीवजन्तुहरू पक्रन तथा मार्न परेमा श्री ५ को सरकारले कुनै किसिमको दस्तूर नलिई पक्रन, मार्न दिने अनुमति दिन सक्ने छ ।

१७. पुरष्कार दिनेः– ऐनको अनुसूची २ मा उल्लेख गरेबमोजिमको जङ्गली जीवजन्तु पक्रने वा मार्ने प्रत्येक व्यक्तिलाई डिभिजन अफिस भएको ठाउंमा डिभिजनल अफिसरले र सो नभएको ठाउंमा स्थानीय हाकिमले सोही ऐनको अनुसूचीमा लेखिएबमोजिमको पुरष्कार दिनेछ ।

१८. शिकार क्षेत्रमा हात्ती, घोडाको दस्तूर लाग्नेः– कुनै लाइसेन्सवालाले शिकार गर्ने ठाउंमा आफ्नो साथ हात्ती, गधा, खच्चर, घोडा वा गोरु लगेमा त्यस्तो हरेक हात्ती, गधा, खच्चर, घोडा वा गोरुको अनुसूची ५ मा उल्लेख गरेबमोजिम दस्तूर लाग्नेछ र त्यस्तो दस्तूर निजहरूले डिभिजन अफिस भएको ठाउमा सोही अफिसमा र सो नभएको ठाउंमा स्थानीय हाकिम छेउ बुझाउनु पर्छ ।

१९. अनुसूची संशोधन गर्ने श्री ५ को सरकारको अधिकारः– (१) श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा अनुसूची ३ मा उल्लेख गरिएका जङ्गली जीवजन्तुहरूको सम्बन्धमा कायम गरिएको शुल्क थपघट वा हेरफेर गर्न सक्ने छ ।

(२) श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा अनुसूची ४ मा उल्लेख गरिएको कुनै एक किसिमको लाइसेन्स अन्तर्गत मार्न सकिने जङ्गली जीवजन्तुहरू कुनै अर्को किसिमको लाइसेन्सको अन्तर्गत पार्न सकिने गरी सार्न सक्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०

२०. शिकार गर्न पाइने जनावरको संख्याः– लाइसेन्सवालाले शिकार सिजन भरमा अनुसूची ६ मा तोकिएको जनावरहरूको संख्यामा नबढाई शिकार गर्न पाउने छ।

२१. विदेश निकासी गर्न जङ्गली जीवजन्तु पक्रने लाइसेन्स दिनेः– कुनै खास उद्देश्यको लागि विदेश निकासी गर्न कसैलाई जङ्गली जीवजन्तु पक्रने लाइसेन्स दिनुपरेमा निजबाट नेपाल अधिराज्यको नागरिक बाहेक अन्य व्यक्तिलाई लाग्ने शुल्क लिई (क) लाइसेन्स दिनुपर्दछ र यसमा वन्द ऋतुको बन्देज रहने छैन।

२२. बाधा नपुऱ्याउनेः– यी नियमहरूमा जेसुकै लेखिएको भए तापनि श्री ५ को सरकारले जङ्गली जीवजन्तु बढाबढी गराई बिक्री गर्न यी नियमहरूले बाधा पुऱ्याएको मानिने छैन।

२३. खारेजीः– शिकार नियम, २०१९ खारेज गरिएको छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८७

## अनुसूची–१

### नियम ३ (१) संग सम्बन्धित

### दरखास्त फाराम

श्री मान , ... ... ... डिभिजन ... ... ...
जिल्ला अन्तर्गतको ................ब्लक वा ब्लकहरूमा.................................................. . . .....
निम्नलिखित जङ्गली जीवजन्तुहरूको शिकार खेल्नका निमित्त शिकार लाइसेन्स पाऊँ ।

१... ...
२... ...
३. ... ...
४. ... ...
५. ... ...
६. ... ...

नियमबमोजिम दरखास्तसाथ दिनुपर्ने लाइसेन्स दस्तूर रू. यसै दरखास्तसाथ दाखिल गरेको छु ।

लाइसेन्स पाउने सूचना पाएपछि नियमबमोजिम लाग्ने जङ्गली जीवजन्तुहरूको शुल्क दिई १५ दिनभित्र लाइसेन्स लिने छु । सो नलिएमा मेरो दरखास्त रद्द गरी बुझाइसकेको दस्तूर जफत गरिदिएमा मेरो मञ्जूर छ ।

शिकार गर्दा लाइसेन्स नम्बर को बन्दूक पिस्तौलले शिकार गर्ने छु ।

मेरो स्थायी ठेगाना हो र हालको अस्थायी ठेगाना हो ।

म नेपाल अधिराज्यको नागरिक हूं , वा होइन (नेपाल अधिराज्यको नागरिक नभए कुन देशको नागरिक हो खुलाउनु पर्ने )

निम्नलिखित व्यक्तिहरू

मेरा साथमा शिकारमा जाने छन्

| नाम | ठेगाना | वर्ष | विदेशी वा नागरिक |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

म. ठाउँमा शिकार क्याम्प बनाउन चाहन्छु । शिकारमा जांदा लगिने संख्या घोडा, खच्चर, गधा वा गोरुको संख्या अरू कुनै विवरण ... ...

मितिः–

---

दरखास्त नम्बर दाखिला मितिः–

---

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

# अनुसूची–२

नियम ४ संग सम्बन्धित

## शिकारको लाइसेन्स

शिकार लाइसेन्स नम्बर ..............
लाइसेन्स कायम रहने मिति .................... देखि ........................ सम्म
लाइसेन्सको किसिम.........
मार्न सकिने जङ्गली जीवजन्तुको संख्या र किसिम.............
................................... मितिको ...... ....... ........ ....... ...... बमोजिमको दरखास्त–बमोजिम लाइसेन्स दिइएको छ । सो लाइसेन्समा लेखिएका शर्त र बन्देजका अधीनमा रही लाइसेन्सवाला र निजको साथ ..... . ....... . .... मा रहेको ..... ..... ... जना र जनावर साथमा लिई ....... ....... .... ब्लक वा ब्लकहरूमा शिकार खेल्न यो लाइसेन्स दिइएको छ ।
मितिः–

लाइसेन्स दिने अधिकारीको पूरा दर्जा, नाम र मुकाम ।

शिकार गरी मारिएको वा पक्रिएको जङ्गली जीवजन्तुको किसिम ....... र....... संख्या घाइते भएको जङ्गली जीवजन्तुको किसिम .......... र ....... संख्या .........

पालन गर्नुपर्ने अन्य शर्तहरूः–

१. ..................
२. ..................
३. ..................
४. ..................
५. ..................
६. ..................
७. ...............

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

नियम ५(१) संग सम्बन्धित

| जङ्गली जीवजन्तु | शुल्क रू. (नेपाली नागरिकलाई) | शुल्करू. (नेपाल अधिराज्यको नागरिक बाहेक अन्य व्यक्तिलाई) |
|---|---|---|
| १ बाइशन | ५००।– | १०००।– |
| २ बाघ | २५०।– | ६००।– |
| ३ कस्तुरी मृग | १५०।– | ३००।– |
| ४ जरायो | १००।– | २००।– |
| ५ बाह्रसिंग | १००।– | २००।– |
| ६ जङ्गली भेडा | ७५।– | १५०।– |
| ७ नाउर | ७५।– | १५०।– |
| ८ गोही | ५०।– | १००।– |
| ९ चितुवाहरू | २५।– | ५०।– |
| १० कृष्णसार | ५०।– | १००।– |
| ११ भालू | २५।– | ५०।– |
| १२ झारल | २०।– | ४०।– |
| १३ थार | २०।– | ४०।– |
| १४ चित्तल | २०।– | ४०।– |
| १५. लघुना | १०।– | २०।– |
| १६. रातो मृग | १०।– | २०।– |
| १७ चौसिंगे | १०।– | २०।– |
| १८ घोरल | १०।– | २०।– |
| १९ बँदेल | १०।– | २०।– |
| २०. घोडगधा | २०।– | ६०।– |
| २१. मयूर | ५।– | १०।– |

यस अनुसूचीमा दर नतोकिएका जनावरहरूको दर श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुने छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९४

## अनुसूची–४

### नियम ६ संग सम्बन्धित

**लाइसेन्स (क) अन्तर्गत शिकार गर्न पाइने जङ्गली जीवजन्तुहरू:–**

१. सेतो चितुवा
२. ध्वांसे चितुवा
३. कालो चितुवा
४. मखमली भू वासिंग भएको जरायो बाह्रसिंग, चित्तल, लघुना, रातो मृग
५. कृष्णसार तथा चौसिंगे
६. स्वान हाँस
७. अजंगर

**लाइसेन्स (ख) अन्तर्गत शिकार गर्न पाइने जङ्गली जीवजन्तुहरू:–**

१. वाइशन
२. बाघ
३. कस्तुरी मृग
४. नाउर
५. जङ्गली भेडा
६. बाह्रसिंगे (मखमली भू वा सिंग भएको र पोथी बाहेक)
७. कृष्णसार (पोथी बाहेक)
८. गोही

**लाइसेन्स (ग) अन्तर्गत शिकार गर्न पाइने जङ्गली जीवजन्तुहरू:–**

१. चितुवा (सेतो, कालो, ध्वांसे बाहेक)
२. भालू
३. जरायो, चित्तल, लघुना र रातो मृग (मखमली भु वासिंग भएको र पोथी बाहेक)
४. चौसिंगे (पोथी बाहेक)
५. घोडगधा
६. झारल
७. थार
८. घोरल
९. बँदेल
१०. मयूर
११ अरू चौपायाहरू ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाइसेन्स (घ) अन्तर्गत शिकार गर्न पाइने जङ्गली जीवजन्तुहरू:–

१. मोहनाल
२. च्याखुरा
३. कक्कासं
४. कालिज
५. तित्रा
६. हलेसी
७. लुइंचे
८. चाहा
९. स्वान हांस बाहेक जङ्गलमा रहने अरू कुनै हांस
१०. अरू चराहरू:–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८६

# अनुसूची ५

## नियम १८ संग सम्बन्धित

## हात्ती, घोडाको लाग्ने दस्तूर

१. हात्ती प्रत्येक के प्रति दिनको रू. – ५।–

२. घोडा, गधा, खच्चर वा गोरु प्रत्येकको प्रति दिनको रू. – १।–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची–६

## नियम २० अन्तर्गतसंग सम्बन्धित जनावरहरूको संख्या

| | |
|---|---|
| वाइसन– | १ |
| बाघ– | १ |
| जरायो– | १ |
| कृष्णसार– | १ |
| बाह्रसिंगे– | १ |
| कस्तुरी मृग– | १ |
| नाउर– | २ |
| जङ्गली भेडा– | २ |
| चितुवा– | २ |
| भालू– | २ |
| अरू जनावरहरू– -- -- -- -- | प्रत्येक ३ मा नबढाई । |

आज्ञाले–
कृष्णबहादुर देउजा
श्री ५ को सरकारको का.मु. सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८